# कर्मचारी आवश्यकता

(प्रथम पटक प्रकाशित मितिः २०७६/११/०५)

बागलुङ जिल्लाको बागलुङ न.पा. २ मा केन्द्रीय कार्यालय रहेको राष्ट्रियस्तरको यस **धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड**लाई निम्न लिखित पदहरुमा स्थायी रुपमा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्य उम्मेदवारहरुबाट तोकिएको निवेदन साथ हालसालै खिचिएको पासपोर्ट साइजको फोटो, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता तथा अनुभवका प्रमाणपत्रहरुको प्रतिलिपि सहित प्रकाशित मितिले १५ दिनभित्र यस संस्थाको केन्द्रीय कार्यालय बागलुङ न.पा. २, बागलुङ वा **hr.dhaulagiri@gmail.com** मा दरखास्त आव्हान गरिन्छ ।

## विज्ञापन नं. ०१/०७६/०७७ (खुल्ला)

**पद** : वरिष्ठ अधिकृत/अधिकृत **स्तर** : अधिकृत **आवश्यक पद संख्या** : केही

**आवश्यक न्यूनत्तम योग्यताः** मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा सहायक अधिकृत पदमा कम्तिमा ३ वर्ष कार्य अनुभव भएको वा मान्यता प्राप्त विश्वविद्यालयबाट प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको । लघुवित्त वित्तीय संस्थाको केन्द्रीय कार्यालयको साथै अनुगमन सम्बन्धी अनुभव भएकालाई प्राथमिकता दिइनेछ ।

## विज्ञापन नं. ०२/०७६/०७७ (खुल्ला)

**पद** : सहायक अधिकृत **स्तर** : अधिकृत **आवश्यक पद संख्या** : केही

**आवश्यक न्यूनत्तम योग्यता** : मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तिमा ३ वर्ष कार्य अनुभव भएको वा मान्यता प्राप्त विश्वविद्यालयबाट प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको । लघुवित्त वित्तीय संस्थाको केन्द्रीय कार्यालय, लघुवित्त वित्तीय संस्थाको शाखा प्रमुख भई कार्य गरेकालाई प्राथमिकता दिइनेछ ।

## विज्ञापन नं. ०३/०७६/०७७ (खुल्ला)

**पद** : बरिष्ठ सहायक/सहायक (शाखा प्रवन्धक) **स्तरः** सहायक **आवश्यक पद संख्या** : केही

**आवश्यक न्यूनत्तम योग्यता** : मान्यता प्राप्त विश्वविद्यालयबाट प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी लघुवित्त क्षेत्रमा २ वर्षको कार्य अनुभव भएको । शाखा प्रमुख भई कार्य गरेकालाई प्राथमिकता दिइनेछ ।

## विज्ञापन नं. ०४/०७६/०७७ (खुल्ला)

**पद** : कनिष्ट सहायक/प्रशिक्षार्थी **स्तरः** सहायक **आवश्यक पद संख्या** : केही

**आवश्यक न्यूनत्तम योग्यता** : SLC/SEE वा सो सरहको परीक्षा उत्तीर्ण गरी ग्रामीण भेगमा गई काम गर्न इच्छुक ।

माथि उल्लेखित सम्पूर्ण पदहरुमा रित पुर्वक परेका आवेदनहरु मध्येबाट छनौट सूची (short list) मा परेका आवेदकलाई मात्र थप छनौट प्रक्रियाका लागि संस्थाको सूचनापाटी र Website https://dhaulagiribank.com मा सूचना प्रकाशित गरिनेछ । यो सूचिमा समावेश भएका उम्मेदवारहरुको अन्तरवार्ता सम्बन्धी कार्यक्रम सोही मितिमा प्रकाशित गरिनेछ ।

**थप जानकारी :**

१. दरखास्त फाराम संस्थाका सम्पूर्ण शाखा, केन्द्रीय कार्यालय तथा संस्थाको आधिकारीक **Website https://dhaulagiribank.com** बाट Download गर्न सकिनेछ ।
२. माथि उल्लेखित पदहरुको लागि कम्प्युटर सञ्चालन सम्बन्धी राम्रो ज्ञान भएको हुनुपर्नेछ । सवारी चालक अनुमति पत्र भएका उम्मेदवारलाई ग्राह्यता दिइनेछ ।
३. विज्ञापन नं.०१ र ०२ का लागि दरखास्त दिने अन्तिम दिनसम्म २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, विज्ञापन नं. ०३ र ०४ को लागि दरखास्त दिने अन्तिम दिनसम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ । सबै पदमा महिला उम्मेदवारको हकमा माथिल्लो उमेरको हदमा पाँच वर्ष थप हुनेछ ।
४. नेपाल बाहिरका शिक्षण संस्थाबाट प्राप्त शैक्षिक प्रमाणपत्रहरु भए समकक्षता निर्धारणको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।
५. तोकिएको मिति भन्दा पछि प्राप्त भएका वा रित नपुगेका निवेदनहरु स्वतः रद्ध हुनेछन् । कर्मचारी आवश्यकताको विज्ञापन सम्बन्धी सम्पूर्ण कार्यक्रम स्थगन र रद्ध गर्न सक्ने सम्मको अधिकार यस संस्थामा निहित रहनेछ ।
६. तलव भत्ता तथा सुविधा संस्थाको नियमानुसार हुनेछ ।

**पदपूर्ति समिति**

**धौलागिरी लघुवित्त वित्तीय संस्था लि.**
**Dhaulagiri Laghubitta Bittiya Sanstha Ltd.**
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको वित्तीय संस्था)

**केन्द्रीय कार्यालय :**
केन्द्रीय कार्यालय बा.न.पा. २, बागलुङ
फोन नं. ०६८-५२०९०५/५२४३५१
Email:dlbsbank.headoffice@gmail.com